# सामुदायिक वनले जुटाएको महिला सहभागिता
## राजकुमार दिक्पाल

धनकुटा जिल्लाको ६ नं. बुधबारे गाउँ विकास समितिको वडा नम्बर ३ र ४ मा पर्ने भाङटार वनलाई सामुदायिक वनको रूपमा महिलाहरूलाई हस्तान्तरण गरिएपछि सो वन पहिलेभन्दा हराभरा बन्न पुगेको छ। भाङटार महिला सामुदायिक वन उपभोक्ता समूहकी सचिव सुवर्ण रानाको भनाइमा सो वन डढेलोले सखाप भएको थियो। चरन खुल्ला हुनाका साथै दाउरा र घाँस अनियन्त्रित थियो।

“तर हामीले त्यस वनमा वृक्षारोपण गर्‍यौं, चरिचरन बन्द गरेर दाउरा घाँस नियन्त्रण गरी वितरण गर्न थाल्यौं।” समूहकी सचिव सुवर्ण राना भन्छिन्। अहिले भाङटार वनको रूप नै अर्कै भएको छ। त्यहाँका महिलाहरू सो वनको रेखदेखका लागि पालैपालो गस्ती घुम्ने गर्दछन्।

वन विभागको तथ्याङ्कअनुसार भाङटारजस्तै नेपालमा जम्मा ३ सय १६ वटा सामुदायिक वनहरू महिलाहरूका हातमा हस्तान्तरण गरिएका छन्।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी केन्द्रीय सदस्य अप्सरा चापागाईंको भनाइअनुसार यसरी सामुदायिक वनहरू महिलाको हातमा हस्तान्तरण गरिएपछि महिलाहरूको सामूहिक काममा सहभागिता बढ्दै गएको छ। महिलाहरूको बोल्ने, सहभागी हुने, निर्णय गर्ने क्षमताको विकास भएको दाबी उनी गर्छिन्। सामुदायिक वनको माध्यमबाट पूर्णरूपमा महिला सशक्तीकरण नभए तापनि सुरुवात राम्रो भएको अप्सरा चापागाई बताउनुहुन्छ।

नेपालमा सर्वप्रथम आर्थिक वर्ष ०४२/४३ मा काभ्रेपलाञ्चोकको टुकचानालस्थित पाण्डे वन सामुदायिक वनको रूपमा उपभोक्ताहरूको हातमा आएको हो। नेपाल-अष्ट्रेलिया सामुदायिक वन परियोजनाको सहयोगमा सो वन उपभोक्ताको हातमा हस्तान्तरण भएपछि हालसम्म नेपालमा दश हजारभन्दा बढी वन सामुदायिक वनको रूपमा उपभोक्ताहरूको हातमा हस्तान्तरण भइसकेका छन्।

सामुदायिक वनका रूपमा वन उपभोक्ताको हातमा आउनु एउटा महत्वपूर्ण कदम हुँदाहुँदै पनि यसको एउटा महत्वपूर्ण विशेषता के पनि हो भने कुनै पनि सामुदायिक वन उपभोक्ता समूहले समूह गठन हुँदा अनिवार्य महिला सहभागिता गराउनुपर्छ। यति मात्रै होइन, सामुदायिक वनहरूको हितका लागि गठन हुने सामुदायिक वन उपभोक्ता समूह महासंघको गठन गर्दा त अनिवार्य अवस्थामा महिलालाई सहभागिता गराउनुपर्ने व्यवस्था विधानले गरेको छ।

महासंघको विधानअनुसार महासंघको महाधिवेशनमा प्रतिनिधि पठाउँदा दशदेखि पचास सदस्य भएको जिल्ला शाखाबाट एकजना पुरुष र एकजना महिला प्रतिनिधिका रूपमा पठाउनुपर्ने छ।

यस्तै ५१ देखि एक सय पचास सदस्य भएको जिल्ला शाखाबाट दुई पुरुष र दुई महिला तथा एक सय ५१ देखिमाथिको संख्यामा सदस्य रहेका जिल्ला शाखाबाट तीन पुरुष र तीन महिलालाई महाधिवेशनमा प्रतिनिधिका रूपमा पठाउनुपर्नेछ।

महासंघको राष्ट्रिय परिषद्मा पनि स्पष्ट रूपमा महिला सहाभागिताको व्यवस्था गरिएको छ। राष्ट्रिय परिषद् सभाषद्को रूपमा प्रत्येक वर्ष जिल्ला कार्यसमितिले आफूमध्ये पालैपालो गरी सबैको प्रतिनिधित्व हुनेगरी सिफारिस गरिएको एक पुरुष र एक महिला गरी जम्मा दुईजनाको प्रतिनिधित्व हुने व्यवस्था पनि छ।

यस्तैगरी राष्ट्रिय कार्यसमितिमा पनि महासंघले पचास प्रतिशत् महिला सहभागिता गराउने व्यवस्था गरेको छ। विधानमा व्यवस्था भएअनुसार राष्ट्रिय कार्यसमितिमा प्रत्येक अञ्चलबाट एकजना महिला र एकजना पुरुष गरी जम्मा २८ जना चयन गरिनेछ जसमध्ये महिलाको संख्या १४ हुनेछ।

यस्तै महासंघको जिल्ला वा केन्द्रीय समितिको महत्वपूर्ण पद र जिम्मेवारीमा पनि महिलालाई सहभागी गराउने व्यवस्था गरिएको छ। महासंघको विधानमा उल्लेख भएअनुसार समितिको अध्यक्ष वा उपाध्यक्षमा र सचिव वा कोषाध्यक्षमा अनिवार्य एकजना महिलाको सहभागिता हुनु आवश्यक छ। महासंघको समितिका महत्वपूर्ण चार पदमा पनि पचास प्रतिशत महिला सहभागिता हुने व्यवस्था महासंघको विधानले स्पष्ट व्यवस्था गरेको छ।

महासंघको विधानमा व्यवस्था भएअनुसार दुईपटक धनकुटा जिल्ला कार्यसमितिको सचिवमा निर्वाचित भएकी देवकुमारी वाग्ले अहिले महासंघको गतिविधि र कार्यक्रममा संलग्न हुने अवसर पाउनेमध्ये एक हुन्। उनको अनुभव महासंघको विधानले स्पष्ट रूपमा महिलालाई सहभागी गराउने र जिम्मेवारी दिने काम गरेको छ। “जिम्मेवारी पाएपछि हामीले क्षमता बढाउने अवसर पनि पायौं” देवकुमारी वाग्ले भन्छिन्।

एकातिर सामुदायिक वन उपभोक्ता महासंघले महासंघको समितिमा अनिवार्य महिला सहभागिताको व्यवस्था गरेको छ भने वनको ऐन, नियम र नीति निर्माणमा पनि महिला सहभागिता जुटाउने काम गरेको छ । महासंघका धनकुटा जिल्ला अध्यक्ष मीनप्रसाद सुवेदीको भनाइमा महासंघले बेलाबेलामा सामुदायिक वनमा महिलाले गर्न सक्ने काम तथा महिला सशक्तीकरणका लागि गोष्ठी र तालिमको आयोजनासमेत गर्दै आएको छ । यस्ता गोष्ठी तथा तालिमबाट महिला सहभागितामा वृद्धि हुँदै गएको महसुस गर्न सकिन्छ ।

यस्तै कतिपय सामुदायिक वनहरूले त महिला वर्गको आयआर्जन र बचतका लागि छुट्टै कार्यक्रमको व्यवस्था गरेका छन् । तालिम तथा भ्रमण आदिमा पनि महिलाहरूलाई सहभागी गराएका छन् ।

वास्तवमा जिम्मेवारी पाएपछि सबैले काम गर्न सक्छन् भन्ने उदाहरण दिने हो भने स्थापनाकालदेखि नै महिलाको जिम्मेवारी वहन गर्दै आएको धनकुटा बेलहारास्थित धर्मशाला महिला सामुदायिक वनलाई लिन सकिन्छ । सो सामुदायिक वन उपभोक्ता समूहकी कोषाध्यक्ष कमला नेपालका अनुसार त्यहाँका महिलाहरू घरपरिवारको कामकाजलाई थाती राखेर भए पनि वनको काममा सक्रिय हुन्छन् । कमला भन्छिन्– “महिलाको हातमा सामुदायिक वन हस्तान्तरण हुनु खुसीको कुरा हो, यसले महिलालाई सामूहिक काममा जिम्मेवार बनाउँछ ।”

तर महिलालाई हस्तान्तरण गरियो भन्दैमा सामुदायिक वनप्रति पुरुषको कुनै दायित्व हुँदैन भन्ने पनि होइन । धनकुटा ६ नं. बुधबारेको भाडटार महिला सामुदायिक वन उपभोक्ता समूहकी सचिव सुवर्ण रानाका अनुसार कतिपय महिलाले गर्न नसक्ने काममा पुरुषको सहयोग अपरिहार्य हुन्छ । सामुदायिक वनको अवधारणापछि यसले महिला सहभागितालाई प्रथामिकता दिएका कारण वन जोगाउनमा महिलाको उपस्थिति अनिवार्य भएको देखाएको छ ।

## बोक्सीको आरोपबाट प्रताडित “राधादेवी” समाज सुधारक

शंकर खरेल

पाचँ वर्षअघि बोक्सीको आरोप लगाई दिसा ख्वाइएको थियो उनलाई । कहिल्यै नसोचेको त्यो पहेली आउँदा उनी कति विक्षिप्त भएकी थिइन् ! करेसाबारी वरपरका छिमेकीले पक्रिएर त्यो फोहोर पदार्थ निल्नुपरेको पीडा हरक्षणका लागि उनलाई कहालीलाग्दो पहेली भएको छ ।

त्यो सामाजिक अपमानलाई भित्री रूपमा गुम्साउँदै उनी समाजको सेवामा दत्तचित्त भएर लागेकी छिन् । ४० वर्षीया राधादेवी मण्डल उल्लेखित भूमिकाकी साहसिक नायिका हुन् । आफुउपर बज्रपात हुँदा पनि उनले बज्र प्रहार गर्नेको मन जितेरै छाडेकी छिन् ।

यो अर्थमा उनको सफलता ‘एक सफल आन्दोलन’ भन्दा कम छैन । स्थानीय महिला मात्र नभएर पुरुष र उनलाई केही वर्षअघि बोक्सीको बात लगाएर दिसा खुवाउनेका लागि देवी झैं हुन पुगेकी छिन् उनी । समाजको समस्या समाधान गर्न जनप्रतिनिधिले निभाउनुपर्ने सबै दायित्व पूरा गर्न भ्याएकी छिन् । भन्नेहरू भन्छन्- सायद त्यो घटना नहुँदो हो त ‘पाखे’ राधा सबैतिर परिचित हुँदैनथिन् होली । उनी जिल्लाको नमूना जनप्रतिनिधिको रूपमा प्रस्तुत भएकी छिन् । साँझपखको पहेँलो घाम अस्ताउँदाको समयसम्म राधादेवी समाजको सेवामा लागिरहेकी हुन्छिन् ।

घरको भन्दा समाजसेवाको चिन्ताले बढी सताएको देख्न सकिन्छ उनलाई । ‘विकास कसरी गर्ने ? परम्परावादी ढाँचामा सुधार कसरी ल्याए रूढीवादी संस्कारलाई पूर्णतः निमुल पार्ने ?’ टोलदेखि राजधानीसम्म उनी खुल्ला बहस गर्छिन् ।

हो, अहिले त स्थानीय बासिन्दा गाउँको विकास र समाजको सुधार कसरी गर्न सकिन्छ भनेर राधादेवीसँग हौसिएर छलफल गर्छन् । पाँच वर्षअघिसम्म घरेलु समस्याको बारेमा चिन्तित राधादेवी मण्डल परिवारभन्दामाथि उठेर बृहत् विकासको बारेमा छलफल गर्छिन् ।

विगतले यिनै महिलालाई बोक्सीको बात लगाएर अमानवीय व्यवहार गरेको थियो । उनलाई यतिसम्म ज्ञान त थियो बोक्सी भन्ने केही हुँदैन । तर अन्धविश्वासको अघि उनको केही चलेन । उनले कैयौं दिन गाउँमा मुख पनि देखाइनन् । तर उनीमाथिको अत्याचारले भने अधिराज्यभर परिचित गरायो । यही परिचयले विद्रोह जन्मायो र एउटी गाउँले महिलाको व्यक्तित्वमा क्रान्तिकारी परिवर्तन ल्याइदियो ।

मोरङको उदाहरणीय महिलाको नाम लिंदा राधादेवीलाई स्मरण नगर्ने कमै हुन्छन् । भएको के थियो भने मोरङको सीमावर्ती बुधनगर गाविस-४ का तत्कालीन वडाध्यक्ष फुलचन्द्र मण्डलकी श्रीमती फुलियादेवीको मृत्यु सर्पले टोकेर भयो । तर २०५२ साल असोज ७ गतेको उक्त घटनाको दोष भने स्थानीय बासिन्दा एकमत भएर विधवा राधादेवीलाई लगाए ।

राधादेवीले बर्बर्ती आँसु झारेर 'मैले होइन मलाई दिसा नख्वाऊ' भन्दा पनि अन्धविश्वासका पक्षधर स्थानीय बासिन्दाले 'सर्प भएर फुलियादेवीलाई डस्ने राधादेवी बोक्सी हो' भन्ने कुरामा एकमत व्यक्त गरे । त्यति मात्र हैन, उनको घरभित्र पसेर स्थानीय व्यक्तिले तोडफोड गरेर बाहिर निकालेका थिए ।

त्यो दिनको कहालीलाग्दो घटना सम्झँदा राधादेवीको आङ अहिले पनि सिरिङ्ग गर्छ । घरमा तोडफोड गर्दै उनलाई बाँसको ढुंग्रोमा दिसापिसाब हालेर अमानवीय तरिकाले खुवाइएको थियो । त्यसपछि एक सातासम्म त राधादेवी बहुलाही झैं भएकी थिइन् ।

बर्बराएर उनी कैयौ रात कहाँ सुतिन् कहाँ खाइन् थाहै पाइनन् । 'घटनाबारे चुप लाग्नु हुँदैन, कानुनको सहारा लिनुपर्छ भन्दै न्यायका लागि प्रहरी कार्यालय पुग्ने उनको साहसले आफ्नो समाजलाई चेतना दिलाएरै छोड्यो । एउटा आन्दोलन सफल भयो । मोरङको इतिहासमा यस्तो सफलता सायदै कसैलाई मिलेको थिएन ।

शुरुमा त प्रहरी कार्यालयमा पनि उनले आफूलाई दिसा खुवाउनेलाई कारबाही गराउन धेरै हारगुहार गर्नु नपरेको होइन । तीन छोरा घरमा नभएको मौकामा विधवाउपर गरिएको अमानवीय यो घटनाबारे त्यसताका सर्वत्र विरोध भएको थियो ।

गाउँले, अशिक्षित र विधवा यी महिला घटनाको जानकारी गराउँदै अधिकारको खोजीमा जिल्ला प्रहरी कार्यालय पुग्दा सहजै उजुरी दर्ता गरिएन । त्यहाँ राजनीतिक दबाबपछि मात्र उनको उजुरी दर्ता गरियो । अदालतले पनि राधादेवीकै पक्षमा फैसला गर्‍यो ।

त्यसपछि उनी एकाएक चर्चामा आइन् । बोक्सीको आरोपमा अमानवीय व्यवहार गरिएकोविरुद्ध दायर भएको यो पहिलो मुद्दा थियो कानुन व्यवसायीहरू दृष्टिकोणमा । अदालतले आफूलाई बोक्सी हैन भनेर फैसला गरेपछि राधादेवीको मनोबल बढ्यो । यसपछि उनी आफ्ना गाउँमा हुँदै आएका यस्ता अन्धविश्वासको बारेमा खुलेर विरोध गर्न थालिन् । उनको यो बढ्दो लोकप्रियता गत स्थानीय निकायको निर्वाचनले पनि देखायो । उनी महिला वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार पनि भएर विजय भइन् । जनप्रतिनिधिको भूमिका करिब-करिब सकिन लागेको अवस्थामा उनी गाउँको विकासको लागि लडिरहेकी छिन् ।

कुनै बेला दिसा खुवाएर बोक्सीको बात लागेकी यी महिलाले वास्तवमै समाजमा उदाहरणीय काम गरेकी छिन् । उनी मुलुक हाँक्ने ठूला-ठूला नेता सँगसँगै बसेर छलफल गर्छिन् । वास्तवमा राधादेवीले देखाएको क्रान्तिकारी छवि समाजको लागि उदाहरणीय रहको छ– स्थानीय गाउँलेहरू भन्छन् ।

राधादेवीउपर भएको अन्यायका बारेमा स्थानीय गाउँले पश्चाताप गर्दै उनको उक्त घटनाले सीमावर्ती त्यस गाउँमा अन्धविश्वास पूर्णरूपले हटेको बताउँछन् । राधादेवीमा आएको परिवर्तन साँच्चै नै आममहिलाका लागि प्रेरणादायी उदाहरण भएको छ । यतिबेला उनले गरेका अन्धविश्वासका विरोधका स्वरहरूलाई स्थानीय बासिन्दाले 'हँ मा हँ' मिलाउँछन्, विरोध गर्ने आँट नै गर्दैनन् ।

बोक्सीको बात लगाइएका यस्ता घटना अधिराज्यका विभिन्न ठाउँमा हुने गरेका छन् । तर कमै मात्रामा विरोधका समाचार सार्वजनिक हुने गरेका छन् । कानुन व्यवसायी विनोद शर्मा भन्छन्- महिला मन्त्रालयले बोक्सीको बात लगाएर अमानवीय व्यवहार गर्नेलाई कडा सजायको व्यवस्था गर्न सक्नुपर्छ ।

खासगरी ग्रामीण र तराई समुदायमा बारम्बार देखिने यस्ता घटनाले कैयौं महिला पलायन भए पनि राधादेवीजस्ता महिला समाजका लागि उदाहरणीय भएका छन् ।

धनमाया र धनशोभाको हलो जोत्ने बाध्यता
शशि लुमुम्बु

तीनजना बालक छोरा-छोरीकी आमा ३५ वर्षीया धनमाया कार्कीले लोग्ने मान्छेले झैं बारीमा गोरु नारेर हलो जोत्न थालेको पनि ६ वर्ष बितिसकेको छ । यसबीचमा धेरै कुराहरू परिवर्तन भइसकेका छन् । उनको जेठो छोरा राजनले रोपेको घरपछाडि गोठमुनिको टाँकीको बिरुवा हलक्क बढेर अहिले त मनग्यै घाँस दिन थालिसकेको छ भने उनको उही जेठो छोराले आफ्नो आमालाई हलो जोत्न भरथेग गर्न सक्ने भइसकेको छ ।

१४ वर्षअघि पूर्वी पहाडी जिल्ला भोजपुरको च्याङ्ग्रे-मोहरिया, बोहरा गाउँबाट विवाहित लोग्नेलाई चटक्कै छोडेर याकु खाल्ले-मैदानेका खगेन्द्रबहादुर कार्कीसित दोस्रो विवाह गरेकी धनमायको जीवनमा एकाएक दुःखका दिनहरू लाम लाग्न शुरु गरे । नाम धनमाया भए

पनि धनबाट विमुख उनको जिन्दगीमा आइपरेका अनेकौं प्रकारका दीनदशाहरूले सताइनै रहे उनलाई । ती दुःखकष्टहरूबाट विचलित नभई पतिको दुःख-सुखमा साथ दिइरहेकी धनमायाका लोग्ने खगेन्द्रबहादुर कार्कीको अचानक मानसिक सन्तुलन बिग्रनपुग्यो ।

हिउँदका फुर्सदिला दिनहरूका अलावा यदाकदा बर्खामा पनि हिले-खाँदबारीको भारी बोकेर स्वास्नी, छोरा-छोरीको लुगाफाटा, माछा-मासु र नून-भुटुन खाने पैसाको जोहो गर्ने गरेका लोग्नेको एकाएक पुरानो रोग बल्झिएर मानसिक सन्तुलन बिग्रन गएपछि त धनमाया कार्कीले झनै सास्ती खप्नुपर्‍यो । उनले दिनदिनै 'पागल' लोग्नेको 'लात' र 'बात' खानु सामान्य घटना बन्न थाल्यो । यसैबीच खाँदबारीको भारी खेप्न भनेर घरबाट २ माना मकैको च्याँख्ला, एकमुठी रायोको गुन्द्रुक र एकपित्को गाईको घ्यू बोकेर हिंडेका उनका लोग्ने अरुण नदीको बगरमा खै कसरी मरे कुन्नि ! स्याऊँ....स्याऊँ.... कीरा परेपछि भारी बोक्नेहरूले लाश देखेछन् ।

धनमाया आफ्ना दुःखद् अतीतहरू सम्झेर गला अवरुद्ध पार्दै भन्छिन्– ...यसपछि त झन् उनीमाथि साह्रो दुःखका दिनहरू आए । साना छोरा-छोरीलाई हुर्काउनु, पढाउनु, भोको-नाङ्गो हेर्नु, बाली-नाली उतार्नु कम गाह्रो भएन । 'घरमा लोग्नेमान्छे नभएपछि गाउँघरका सबैले हेप्दारहेछन् । नानाथरी कुरा काट्ता रहेछन् । बारी जोत्ने समय हुन्छ, गाउँमा कोही खेताला पाइन्न । अनि आफैले हलो जोत्न थालें । के गर्नु, बारी बाँझो राख्नु भएन ।' उनी आफ्नो बाध्यता यसरी सुनाउँछिन् । धनामायाको गाउँमा धनमायाजस्ता अरू पनि धेरै महिलाहरू हलो जोन्छन् ।

अर्की धनशोभा राईको पनि आफ्नै कथा छ । गाउँका साथीहरूको लहै-लहैमा लागेर पैसा कमाउन भनेर सिलाङ गएका उनका लोग्ने ८ वर्ष भयो फर्केर घर आएका छैनन् । छोराछोरी सानै छन् । "घरमा लोग्नेमान्छे नभएपछि के गर्नु; यो आइमाईले गर्ने काम र त्यो लोग्नेमान्छेले गर्ने काम भनेर नहुँदोरहेछ । जे काम पर्छ त्यही गर्नुपर्छ । म त हलो पनि जोत्छु । घर-गोठ छाउँछु । चोया-भाटा पनि गर्छु ।" धनशोभा भन्छिन् ।

धनमाया कार्की र धनशोभा राईको हलो जोत्दाको अनुभव एउटै छ । "शुरु-शुरुमा त निकै चर्को भयो । अनौ समाउन नै जानिएन, बारीमा राँटो पनि थुप्रै छोडियो । जीउ दुख्ने, कम्मर दुख्ने भयो । तर अहिले त पूरा बानी भइसक्यो, केही हुँदैन ।" उनीहरू एउटै स्वरमा आफ्नो अनुभव सुनाउँछन् ।

सोही गाउँकी जुनुकला राईसँग पनि हलो जोत्नुको पीडा र अनुभव दुबै छ । उनी यसपटक दोस्रोचोटी सेन्टअप टेष्ट दिँदैछिन् । हलो जोत्नु उनको पनि रहर नभएर बाध्यता नै हो । जुनुकला भन्छिन्- "बुबा हुनुहुन्न । म दुई वर्षको हुँदा उहाँ खस्नुभएको रे ! हामी घरमा आमा, दिदी, एउटा दाजु र मसहित ६ जनाको परिवार छौं । दुईटी दिदीको त बिहे भइसक्यो । एउटा दाइ अरबमा हुनुहुन्छ । घरमा छोरा मान्छे नभएपछि के गर्नु त, जे काम पर्छ त्यही गर्नुपर्छ । घर-गोठ छाउनुपर्छ, पर्म-अर्म गर्नुपर्छ । म त सबै गर्छु । पुरुषभन्दा नारी के कम छन् भनेर देखाउन चाहन्छु म ।"

अहिलेसम्म सडकरेखाले स्पर्श गर्न नसकेको पूर्वी पहाडी जिल्ला भोजपुरको याकु गाउँ विकास समिति, वडा नं ४ खाल्टे मैदानका धनमाया, धनशोभा र जुनुकलाजस्तै गाउँका अन्य महिलाहरू पनि बारीमा हलगोरु नारेर हलो जोतिरहेका देखिन्छन् । हलो जोत्ने उनीहरूको रहर वा मनोरञ्जन नभएर परिस्थितिले सिर्जना गरेको कठोर बाध्यता हो । खाल्टे-मैदाने एकप्रकारले लोग्नेमान्छेविहीन छ भन्दा पनि फरक पर्दैन । सबै लाखा-पाखा लागेका छन् । कोही सिलाङ, कोही अरब त कोही बम्बईतिर काम खोज्न बिदेसिए । कोही जिल्लातिरै जागिर गर्छन् । बूढाहरू बूढै भइसके !

"अब त मान्छे मर्दा मलामी पनि पाइन छाडिसक्यो" वृद्ध हस्तबहादुर राई भन्छन् । वडाध्यक्ष डिल्लीबहादुर राईको विचारमा चाहिँ महिलाहरूमा पनि चेतनाको विकास भइसकेकोले पुरुषले गर्ने काम उनीहरू आफैं गर्न थालेका हुन् । तर पहिलो कुरा भने उनीहरूको बाध्यताले नै हो ।

संकट परेपछि महिलाहरूले के काम गर्दैनन् र ?
विवश वस्ती

ढुंगाहरू पल्टाउँदा पचास वर्षीया रम्भादेवी दमाईंको खुट्टामा चोट लाग्न पुग्यो । तर, आफ्नो खुट्टामा लागेको चोटको पीडालाई पन्छाएर उनले अन्य साथीहरूसँगै सडक खन्न उत्साह देखाइन् । डोटी जिल्लाको सदरमुकाम सिलगढीबाट बझाङको सदरमुकाम चैनपुर जोड्ने सडक "कामको लागि खाद्यान्न" कार्यक्रमअन्तर्गत जीटीजेडको आर्थिक सहयोगमा बाटो खनिन थालेपछि बझाङ, कोटभैरव गाउँ विकास समिति वडा नं.३ कोटफेराका तेत्तीसजना महिलासँगै उनी पनि सडक खन्न पुगेकी थिइन् ।

कोटफेराकै नरी दमाईले बाटो खनेपछि चामल पाइन्छ भन्ने कुरा सुनाएपछि स्थानीय दलित महिलाहरू सडक निर्माण गर्न जुर्मुराएका थिए । सधैंभरि बेसाएर जिन्दगी चलाउनुपर्ने दलित महिलाहरूका निम्ति चामल पाइने कुरा धेरै खुसीको खबर जस्तै थियो । तर, पचास

वर्षीया रम्भादेवीले गएको वैशाख ६ गतेदेखि १८ गतेसम्म पूरै बाह्र दिन बाटो खन्न रुचाइन् । तर, अरू काम गरेजस्तो सजिलो बाटो खन्नु नरहेको उनको अनुभव छ "ठूला-ठूला ढुंगाहरू पल्टाउनुपर्ने र घनहरूसमेत उचाल्नुपर्ने भएकोले त्यति सजिलो लागेन ।" उनी भन्छिन् "दुःखी तडी, भोक दाडा" (दुःख परेको बेलामा शक्ति आउँछ र भोक लागेको बेलामा दाँत नभए पनि खाना खाइन्छ ।)

बिहान सबेरै उठेर कोटफोराका दलित महिलाहरू आधा घण्टा टाढा रहेको कोटभैरव गाविसस्थित महुभेरामा जान्थे र घनहरू उचालेर बाटो खन्न थाल्दथे । जिन्दगीमा कहिल्यै घन नउचालेकी केउडी दमाईले पनि त्यसअघिका दिनहरूमा पुरुषहरूले मात्रै उचाल्ने गरेको घन उचालेर बाटो खनिन् । आफूले उचालेको घन ढुंगामाथि बजार्दा उनलाई बेग्लै खालको अनुभुति पैदासमेत भयो । उनी भन्छिन्- 'त्यसरी घन उठाउँदा रमाइलो लाग्यो ।' आफ्नो श्रीमान् कामको सिलसिलामा पाँच महिनाअगाडि भारततिर गएको बताउने केउडी चामल पाइने आशाले बाटो खन्न गएकी बताउँछिन्– त्यही चामल पाउने कुरा सुनेर मात्रै गएका हौं । खेतीपाती केही छैन, चामल दिने भनेपछि किन नजाने भनेर गयौं ।

कहिल्यै पनि बाटो नखनेकी केउडीलाई अहिले काम गरेपछि सकिंदोरहेछ भन्ने लागेको छ । कोटफेराका १२ जना महिलाको समूहमा मिसिएर काम गरेकी केउडी बाटो खन्दाका कुराहरू यसरी बताउँछिन् "हामीले शुरुमा रूखहरू फाँड्यौं । त्यसपछि बाउसो र घैंटी ( घन) ले ढुंगा पल्टाउनेदेखि लिएर पहरा फोर्ने कामहरूसमेत गर्‍यौं ।"

"हामी पहिले यसरी बाटो खन्न घरबाट निस्किएका थिएनौं । तर, काम गरेपछि सकिन्छ भन्ने लागेर गयौं ।" कृष्णादेवी दमाईको पनि केउडी दमाईकै जस्तै अनुभव छ । त्यसो त कृष्णादेवीलाई घरभित्र र खेतबारीहरूमा जस्तो सडकमा काम गर्दा सजिलो लागेन । उनी भन्छिन्- "सडकमा काम गर्नु अप्ठेरो नै हुँदोरहेछ ।"

सोह्र वर्षीया सारुकुमारी दमाईले पनि बाह्र दिनसम्म बाटो खनिन् । आफ्नै उमेर समूहका र आफूभन्दा पाकाहरूको बीचमा रहेर काम गर्दा उनलाई रमाइलो लाग्यो । त्योभन्दा पनि रमाइलो त बाटो खन्दा चामल पाइने कुरा सुनेर लाग्यो । उनी भन्छिन्- "चामल पाउने भएपछि जानैपर्‍यो नि ।"

बझाङ जिल्लाको सदरमुकाम जोड्ने अर्को सडक पनि अहिले धमाधम निर्माण भइरहेको छ । सेती नदीको किनारैकिनार खनिएको उक्त सडक बैतडी जिल्लाको श्रीभावर हुँदै जान्छ । अहिले उक्त सडक जिल्ला सदरमुकाम चैनपुरभन्दा ६ घण्टा यतैको झनाना भन्ने ठाउँसम्म पुगेको छ । उक्त कोटफेरा गाउँभन्दा एक घण्टा तल झरेपछि निर्माणाधीन सडक आइपुग्छ । जयपृथ्वी सडक मार्ग नामाकरण गरिएको उक्त सडक खन्ने कार्यमा पुरुषहरू मात्रै खटेको देख्दा दलित महिलाहरूलाई सडक खन्ने काम पुरुषहरूको मात्रै हो कि ? भन्ने नलागेको होइन । तर जीटीजेडद्वारा खनिएको उक्त सडकमा आफूहरूले पनि काम गर्न पाएपछि उनीहरूमा रहेको भ्रम हटेको थियो । एकजना महिला सहभागी भन्छिन्, "बाटोहरू पुरुषले मात्र होइन, आइमाईले पनि खन्न पाउँदारहेछन् भन्ने बुझ्यौं ।" बझाङका अधिकांश गाउँ बस्तीहरूजस्तै त्यस ठाउँका खेतीपाती हुनेहरूलाई पनि वर्षभरि खाने अन्न पुग्दैन । खेतीपाती हुनेहरूलाई पनि तीन-चार महिनाभन्दा बढी खान पुग्ने स्थिति छैन । त्यही भएर बाटो खन्न केही गैरदलित महिलाहरू पनि गएका थिए । कृष्णादेवी दमाई भन्छिन्- 'खेतीपाती हुनेहरू त गएका थिए भने हामी त पूरै खाली थियौं । नजाने कुरै भएन ।'

दलित महिलाहरूको १२ जनाको समूहले ४५ मिटर र १० जनाको समूहले २१ मिटर बाटो खनेर सिध्याएका थिए । उक्त सडकको सुपभाइजर चन्द्रबहादुर रोकायाले ती दलित महिलाहरूले बाटो खनेको आफ्नै आँखाले देखेको बताए । रोकाया भन्छन्- 'महिलाहरूको काम धेरै चित्तबुझ्दो थियो । शुरुमा हामीले त महिलाहरूले बाटो खन्न के सक्छन् र ? भनेका थियौं । तर उनीहरूले नै राम्रो काम गरे ।'

एकजना महिलाको भागमा १ सय ७९ केजी ८३ ग्राम चामल गरेको बताउँदै रोकाया महिलाहरूले गरेको कामबारे कुनै कन्जुस्याइँ नगरी भन्छन्- "उनीहरू पुरुषले जस्तो अल्छी नगर्ने, चुरोट खाएर समय नकटाउने र ठीक समयमा समेत आउने भएको हुँदा उनीहरूको काम गराई मलाई राम्रो लाग्यो ।'

प्रायः खाद्यान्नको अभाव झेल्नुपर्ने उक्त ठाउँका महिलाहरू बाटो खनेर चामल पाएपछि उत्साहित देखिएका छन् । केउडी दमाई भन्छिन्- 'बाटो खन्ने काम पाए हामी फेरिफेरि पनि जान्छौं ।'

## परिवार नियोजनबारे अझै अन्योलमा छन् प्रजा जातिका महिलाहरू

राममणि दाहाल

प्रजा जातिमा अझै पनि परिवार नियोजनका बारेमा चेतना र सजगताको कमी रहेको छ । मकवानपुर जिल्लामा बसोवास गर्दै आएका प्रजा जातिका कतिपय मानिसहरू परिवार नियोजनको नाम नै नसुनेका बताउँछन् । परिवार नियोजन भनेर सुनेका र परिवार

नियोजनका बारेमा सामान्य जानकारी प्राप्त गरेकाहरू पनि स्थायी बन्ध्याकरण र अस्थायी साधनको भिन्नताका बारेमा अनभिज्ञ नै छन् ।

त्यति मात्र होइन, परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दै आएका अधिकांश प्रजा जातिका महिलाहरूमा बन्ध्याकरण गर्दाको र अस्थायी साधनको प्रयोग गर्दाको फरकका बारेमा जानकारी छैन । परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दै आएका सरिखेत पलाँसे गाउँ विकास समिति वडा नं.४ घट्टेखोलाका रामचन्द्र प्रजा परिवार नियोजनका लागि स्थायी बन्ध्याकरण गर्दा र अस्थायी साधनको प्रयोग गर्दाको भिन्नताबारे अनभिज्ञ रहेको बताउँछन् ।

१४ वर्षको उमेरमा वैवाहिक जीवनमा बाँधिएर १६ वर्षकै उमेरमा पहिलो सन्तानको आमा बनेकी सरिखेत पलाँसे घट्टेखोलाकी २५ वर्षीया देवीमाया प्रजाले परिवार नियोजनको अस्थायी साधन डिपोप्रोभेरा (गर्भ निरोधक सुई) लगाउँदै आएकी छिन् । करिब एक वर्षदेखि डिपो लगाउन थालेपछि आफूलाई शारीरिक रूपमा कमजोर र काम गर्न अप्ठ्यारो महसुस भएको बताउने देवीमायाको परिवार स्थायी बन्ध्याकरण गर्न चाहन्छन् । तर श्रीमान् र श्रीमतीमध्ये कसले स्थायी बन्ध्याकरण गर्दा राम्रो हुन्छ भन्ने थाहा नभएका कारण बन्ध्याकरण नगरेको देवीमाया बताउँछिन् । प्रजा जातिका मानिसहरूमा पनि स्थायी बन्ध्याकरण पुरुषले गर्नुहुँदैन भन्ने भ्रम छ ।

२३ वर्षको उमेरमा १४ वर्षकी किशोरीसँग वैवाहिक जीवनमा बाँधिएर चार बच्चाबच्चीका पिता बनेका राक्सीराङ गाविस वडा नं. २ का दिलबहादुर प्रजाले स्थायी बन्ध्याकरण गर्ने सोच बनाएका छन् । आफ्नी श्रीमतीलाई गर्भनिरोधक सुई लगाउँदै आएका दिलबहादुर प्रजा कमाएर खानुपर्ने भएकोले आफूले स्थायी बन्ध्याकरण गर्दा कमजोर होइन्छ भन्ने भ्रममा परी श्रीमतीलाई बन्ध्याकरण गराउने मनस्थितिमा छन् ।

त्यसो त सरिखेत पलाँसेका रामचन्द्र प्रजा पनि पुरुषले बन्ध्याकरण गर्दा कमजोर हुने आंशकाले आफूले स्थायी बन्ध्याकरण नगरेको बताँउछन् । 'थोरै सन्तान सुख धेरै' भन्ने सुनेकी दुई सन्तानकी आमा यानीमाया प्रजालाई थप सन्तान जन्माउने रहर त छैन । तर पनि उनले परिवार नियोजनका बारेमा स्पष्ट ज्ञानको अभावमा बन्ध्याकरण्को विकल्पमा डिपो प्रयोग गर्दै आएकी छिन् । देवीमाया प्रजा गत वर्ष बच्चा जन्माउने समयमा सुँडेनीको अभावमा प्रसव वेदनाले जीवन र मरणको दोसाँधमा पुगेकी थिइन् । देवीमाया प्रजा त्यतिबेलाको पीडालाई सम्झँदै पुनः गर्भवती बन्ने इच्छा नभएको बताउँछिन् । तीन सन्तानकी आमा बनेकी देवीमायालाई पुनः गर्भवती बनेर जीवनलाई खतरामा पुऱ्याउनुभन्दा परिवार नियोजन गर्नु नै उचित लागेको छ । तर उनलाई पनि प्रजा जातिका अधिकांश मानिसहरूलाई जस्तै स्थायी बन्ध्याकरण गर्नु र परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्नुको भिन्नताका बारेमा थाहा छैन ।

प्रजा जातिमा अर्को समस्या भनेको उमेर नपुगीकनै वैवाहिक जीवनमा बाँधिनु हो । अझै पनि उनीहरूमा १२ वर्षको किशोरावस्थामा नै वैवाहिक जीवनमा बाँधिने प्रचलन कायमै छ जसले गर्दा आमाको जीवनसँगै बालबालिकाको जीवन पनि खतरामा पर्ने क्रमले निरन्तरता पाएको छ । अर्कोतर्फ आफ्नो आर्थिक अवस्थाले धान्नेभन्दा बढी सन्तानको जन्म दिएर अनावश्यक आर्थिक बोझ बोकिरहेका छन् । ।

मकवानपुर जिल्लामा करिब १६ हजार प्रजा जाति बसोवास गर्छन् त्यसमध्ये २१ प्रतिशत मात्र साक्षर छन् । उनीहरूलाई गरिबी र अशिक्षाका कारण जीविकोपार्जन नै प्रमुख समस्या बनेको छ । प्रजा जातिमा परिवार नियोजनका बारेमा मात्र होइन, अन्य विषयमा पनि चेतनाको कमी रहेको अनुभव राक्सीराङकी सुन्तलीमाया प्रजा गर्दछिन् ।

यसैगरी प्रजा जातिका मानिसहरूले हरेक वर्ष खाद्यान्न अभावको समस्याको सामना गर्नुपर्दछ । उनीहरू खाद्यान्न अभावका कारण गिठ्ठा, भ्याकुरलगायतका कन्दमूल खाएर जीवन धान्न विवश छन् र त्यसैले त प्रजा जातिका मानिसहरू कुपोषणको शिकार बन्दै आएका